बैठक नं. ८०
आ.व.२०८२।०८३

मिति : २०८३।०२।११
समय : दिउँसो २:००बजे
स्थान : नगरपालिकाको कार्यालय

आज मिति २०८३।०२।११ गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको वैठक वसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत

२) नगर उप-प्रमुख श्री गुलिया कुमारी चौधरी

३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा

४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी

५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम

६) वडा नं.४ वडा अध्यक्ष श्री भरत बहादुर शाही

७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक बहादुर चन्द

८) वडा नं.६ वडा अध्यक्ष श्री धन बहादुर चौधरी

९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा

१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद

११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह

१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार

१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी

१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी

१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार

१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा

१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा

१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवीसरा भण्डारी

१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.

२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.

२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली

२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार

२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी

घोडाघोडी नगरपालिकाको आ.ब.२०८२।०८३ बैठक नं ८० मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णयहरु
बैठक मिति : २०८३।०२।११ समय : दिउँसो २:०० बजे
बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर रावत

| |
|---|
| प्रस्तावहरु :<br>१) आगामी आ.ब.२०८३।०८४को निति कार्यक्रम तथा बजेट निर्माण सम्बन्धमा ।<br>२) विद्यार्थी संख्या कम भएका विद्यालयहरुको मर्ज तथा शिक्षक दरबन्दी मिलान र अनुदान प्रदान सम्बन्धमा<br>३) घोडाघोडी नगरपालिका कार्यालयको पार्किङ्ग सार्ने सम्बन्धमा ।<br>४) जेष्ठ नागरिक तथा वाल उद्यान निर्माण सम्बन्धमा ।<br>५) घोडाघोडी नगरपालिकाको सवारी साधन ,मेशिन उपकरण तथा स्रोत साधन परिचालन सम्बन्धमा ।<br>६) क्षतिपुर्ति सम्बन्धमा ।<br>७) फोहरमैला व्यवस्थापन सम्बन्धमा ।<br>८) कृषि हाट वजारको जग्गा न.पा. को नाममा कायम गर्ने सम्बन्धमा । |
| निर्णयका कानुनी आधार : स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सम्बद्ध ऐन कानुनहरु |
| निर्णयहरु :<br>निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, वित्तिय हस्तान्तरण, नगरपालिकाको आन्तरिक स्रोत, आवधिक योजना, निति कार्यक्रम तथा वजेटका सिद्धान्त अनुरुप आगामी आ.व.२०८३।०८४ को निति कार्यक्रम तथा बजेट निर्माण गर्ने निर्णय गरियो । |
| निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस नगरपालिका स्थित सामूदायिक विद्यालयहरुमा विद्यार्थी संख्या कम भएका विद्यालयहरुको मर्ज तथा शिक्षक दरबन्दी मिलान र अनुदान प्रदान गर्ने सम्बन्धमा सिफारिस भै आएको नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । |
| निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा घोडाघोडी नगरपालिकाको हाल संचालनमा रहेको कार्यालयको पार्किङ्ग स्थल र जेन जेड आन्दोलनको समयमा नगरपालिकामा रहेको सभाहल आगजनी भइ नष्ट भएकोले सो स्थानमा नगरपालिकाको बहुउद्देश्यीय प्रशासनिक भवन निर्माणको ठेक्का प्रक्रिया अगाडि बढी सकेकोले सो स्थान र सोही ठाउमा जोडिएको पार्किङ्ग प्रयोजनको लागि निर्माण भएको ट्रस लाइ नगरपालिकाको पुर्व तर्फ रहेको खाली ठाउमा सार्ने निर्णय गरियो । |
| निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा संघीय सरकारबाट प्राप्त भएको वजेटबाट व्यवस्थापन हुने गरि यस घोडाघोडी नगरपालिकामा जेष्ठ नागरिक तथा बालबालिकाका लागि सुरक्षित, मनोरञ्जनपूर्ण तथा हरियालीयुक्त उद्यान निर्माण गर्नुपर्ने भएकोले नगरपालिकाको कार्यालयको पुर्वतर्फ लठुवा रोडसंगै नगरपालिकाको पर्खाल संग जोडीएको खाली स्थानमा जेष्ठ नागरिक तथा वाल उद्यान निर्माण गर्ने निर्णय गरियो । |
| निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस नगरपालिकामा रहेका सवारी साधन, मेसिन उपकरण, निर्माण सम्बन्धी संसाधन, तथा अन्य स्रोत–साधनहरू विभिन्न विकास निर्माण सेवा प्रवाहका लागि व्यवस्थित रूपमा परिचालन गर्न आवश्यक देखिएकोले नगरपालिका तथा सबै वडा कार्यालयको समन्वय सहकार्यमा परिचालन तथा संचालन गर्ने निर्णय गरियो |
| निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा घोडाघोडी नगरपालिकाको पूर्व पश्चिम राजमार्गको पूर्वमा शुक्तिकाँडा नदि देखि पश्चिममा आमखोइया सम्मको सडक अतिक्रमण हटाउने क्रममा वडा न. १० स्थित पहलमानपुर वजारको सडक सिमानामा रहेको जयनारायण जोशीको घरक्षेत्रमा अतिक्रमण हटाउदा सडक क्षेत्रमा परेको आधा पिलर हटाउने क्रममा व्याकहोलोडर प्रयोग गर्दा घर समेत क्षति भएकोले घर धनिबाट क्षतिपूर्ति माग भई अदालतमा मुद्दा दायर भइ क्षथिपुर्ति दिने गरि भएको कैलाली जिल्ला अदालतको फैसला उपर चित्त नवुझी सम्मानित उच्च अदालतमा नगरपालिकाले पुनरावेदन गरेकोमा उच्च अदालतबाट समेत कैलाली जिल्ला अदालतको फैसलालाई सदर गरेकोले घरधनिलाई क्षतिपूर्ति उपलव्ध गराउन रकम व्यवस्थापन गर्नु पर्ने भएकोले सो को लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो । |